Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI: https://doi.org/10.3126/anweshan.v3i2.87530
Research Article
ISSN: 3021-9035 Print

# प्रादेशिक आधारमा नेपालको सामाजिक र सांस्कृतिक अवस्था

**डा.देवीप्रसाद पौडेल**
*devipoudel1@yahoo.com*

## लेखसार

यो लेख नेपालका प्रदेशहरूको आधारमा सामाजिक र सांस्कृतिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्ने उद्देश्यले तयार पारिएको छ। यो लेखको मूल उद्देश्य सङ्घीय नेपालको स्थापनापछि बनाइएको प्रादेशिक भूगोलका आधारमा सामाजिक तथा सांस्कृतिक अवस्थामा भिन्नता र समानताको लेखाजोखा गर्नु रहेको छ। यो लेख वर्णनात्मक तथा गुणात्मक प्रकृतिको छ। यो लेख तयार गर्न विभिन्न स्रोतहरूको सहयोग लिइएको छ। मूलतः द्वितीय स्रोतबाट धेरै सामग्री प्रयोग गरिएको छ। विभिन्न पुस्तक पत्रपत्रिका तथा अन्तर्सञ्जालबाट प्राप्त हुने स्रोत आदिका आधारमा लेख तयार भएको छ। प्रदेशस्तरको सामाजिक र सांस्कृतिक अवस्थाको विश्लेषण गर्न यस्तो अध्ययनको औचित्यता र आवश्यकताको महसुस गरेर यो लेख तयार पारिएको हो। यस लेखमा प्रादेशिकस्तरको भाषा, संस्कृति, धर्म समाज आदिको अवस्थाका बारेमा विश्लेषण गरिएको छ। सङ्घीय नेपालको स्थापनापछि स्थापित भएका प्रादेशिक भूगोलका आधारमा सामाजिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययन गर्दा प्रत्येक प्रदेशमा भिन्नता तथा समानता दुवै प्रकृतिको अवस्था रहेको पाइएको छ।

## शब्दकुञ्जी

भौगोलिक, भुपरिवेष्ठित, विविधतामा एकता, मूलप्रवाहीकरण।

## विषय प्रवेश

नेपाल मध्य एसियाको बिचमा अवस्थित एउटा भूपरिवेष्ठित देश हो। यो देश विभिन्न प्रकारका भौगोलिक विशेषताहरूले भरिएको छ। भौगोलिक आधारमा नेपाललाई हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश तीन भागमा विभाजन गरिएको छ (श्रेष्ठ, २०६५ पृ. २–८)। नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले विविधताले भरिएको देश हो (नेपाल सरकार, २०७५, पृ. २ (११)। वि.सं.२०६२/२०६३ को परिवर्तनपछि नेपाल सात प्रदेशमा विभाजित भएको छ। प्रत्येक प्रदेशहरूको सामाजिक तथा सांस्कृतिक अवस्था एकै प्रकारको छैन। जाति, भाषा, धर्म, परम्परा तथा चालचलनले यसमा समानता र भिन्नता दुवै अवस्था रहेको छ। तसर्थ सातै प्रदेशको सामाजिक तथा सांस्कृतिक अवस्थामा पनि भिन्नता देख्न सकिन्छ। प्रदेशअनुसार भौगोलिक अवस्था पनि फरकफरक देख्न सकिन्छ। प्राकृतिक विभाजनले मानिसको रहनसहन र संस्कृति पनि स्थानअनुसार भिन्नभिन्न छन्। नेपालको सभ्यता मूलतः इण्डो आर्यको सभ्यता वा पूर्वीय सभ्यतामा आधारित रहेको देखिन्छ। यहाँका अधिकांश सांस्कृतिक तथा धार्मिक मूल्यमान्यताहरू यसैमा आधारित देखिन्छन्। उत्तरबाट आएका मङ्गोलका संस्कृति र मूल्यमान्यताहरू फरक प्रकृतिका छन्। यी दुवै सभ्यताको सम्मिश्रणबाट नेपालको संस्कृति र सभ्यता सम्पन्न छ। त्यसैले नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक अवस्थामा रहेको देश हो। कुनै पनि समाजको विकासका खास आधारहरू रहेका हुन्छन्। प्रत्येक समाजका विकासका आधारहरूमा त्यस स्थानको परिवेश, समाज विकासका घटना, नेपाली समाजका परम्परा, रीतिरिवाज, जाति, भाषा र धर्म आदिले प्रभाव पार्दछ।

नेपालमा विभिन्न समयमा भएका परिवर्तनहरूले प्रदेशको संरचनामा पनि फेरबदल गरेको देखिन्छ। कुनै पनि प्रदेशको विकासको अवधारणा मूलतः दुइटा कुरामा आधारित भएको देखिन्छ। प्राकृतिक प्रदेश समान प्रकारको प्राकृतिक विशेषता भएको क्षेत्र, जहाँ भूस्वरूप, वनस्पति, हावापानी, माटो आदिमा करिब समानता भेटिन्छ (कौशिक, २०००, पृ. ४९३)। एउटा समान प्रकृतिको भूस्वरूप भएका क्षेत्र (Areas of Homogeneity) तथा अर्को कार्यको प्रकृतिका आधारका कार्यात्मक क्षेत्रलाई (Functional or Nodal Region) आधार बनाएर विभाजन गरिएका क्षेत्रहरूलाई लिन सकिन्छ। नेपालको हिमाली, पहाडी र तराई प्रदेश समान प्रकृतिका भूस्वरूप भएका क्षेत्रहरूलाई आधार मानेर विभाजन गरेको पाइन्छ (पौड्याल, २०६४ पृ. १८–२३)। यो प्राकृतिक भूस्वरूपका आधारमा बनेको हुँदा यो त्यति परिवर्तन हुँदैन। दोस्रो प्रकृतिको विभाजनका आधार भूस्वरूपको बनावट, जनसङ्ख्या, जाति, भाषा विकासको मोडेल, विकासको स्तर, राज्यको तात्कालीन अवस्था र समुदायको चाहना पनि समेट्न प्रयास गरेको हुन्छ। यसमा समुदायको चाहना समेट्न त्यति सजिलो हुँदैन। किनकि कुनै पनि मुलुकका मानिसहरूको साझा चाहना समेट्न त खासै गाह्रो हुँदैन। तर सबैको चाहना फरकफरक हुने भएकाले यो अलि कठिन कुरा हो। उदाहरणतः नेपालका सात प्रदेशको विभाजन यही आधारमा गरिएको छ। तर विभाजनका आधारमा आम समुदाय सन्तुष्ट रहेको पाइँदैन। त्यसकारण यो प्रकृतिको प्रादेशिक विभाजन समयअनुसार परिवर्तन भइरहन्छ। त्यसैले नेपालमा पनि यो परिवर्तन भइरहेको छ। प्राकृतिक प्रदेशका आधारमा हेर्दा हिमाली प्रदेशमा मङ्गोलहरूको बाहुल्यता भएको पाइन्छ भने तराई प्रदेशमा आर्यहरूको बहुल्यता रहेको छ। बसाइँसराइका कारण पहाडी प्रदेशका प्रायः सहरी बस्तीहरूमा विभिन्न जातजातिहरूको मिश्रित प्रकारको बसोबास रहेको पाइन्छ। मानव सभ्यताको विकासका क्रममा मानिसहरू एक ठाँउबाट अर्को ठाउमा बसाइँ सर्दै गए। यसरी बसाइँ सर्दै जाँदा आफ्नो जाति वा समूह एकै स्थानमा रहनबस्न थाले र त्यहीँ नै लामो समयपछि भाषा, संस्कृति तथा परम्पराको विकास हुदै गएर पहिचानका साथै सामाजिक र सांस्कृतिक पक्षको पनि विकास भयो। नेपालमा बसाइँसराइको प्रवृत्ति लामो परम्परा र समाजको संस्कृतिकै रूपमा विकसित भएको छ। नेपालमा प्रागऐतिहासिक कालदेखि नै बसाइँ सर्ने प्रक्रिया अगाडि बढेको पाइन्छ। यहाँ उत्तरबाट मङ्गोल र दक्षिणबाट इण्डो आर्य प्रवेश गरेको पाइन्छ। तर आर्य तथा मङ्गोल को पहिला प्रवेश गरेको ? भन्ने कुरा स्पष्ट छैन (पाँडे, २०५६ पृ. १५७)। जेहोस नेपालमा बसाइँसराइको परम्परा संस्कृतिकै रूपमा विकसित भएको देखिन्छ।

## *ऐतिहासिक सन्दर्भ*

विगतको अवस्थालाई हेर्ने हो भने नेपालको विभिन्न स्थानमा पहिले किरातहरू भएको विश्वास गरिन्छ। तर आजभोलि किरातहरू नेपालको पूर्वी केही भागमा मात्र पाइन्छन्। इ.पू. द्वितीय सहस्राब्दीसम्म यस भूभागमा किरातहरूको प्रभाव थियो। त्यही समयमा यस भूभागमा पश्चिमतिरबाट आर्यहरूको प्रवेश भएको मानिन्छ (शर्मा, २०७५, पृ. ६१)। नेपालमा सामाजिक दृष्टिकोणले हेर्दा जातजातिहरूको वितरण र विस्तार समान हिसाबले भएको पाइँदैन। कतिपय जातिहरू संरक्षणको अभावमा लोपोन्मुख अवस्थामा पुगेका छन्। मेचे, कुसुण्डा, राउटे, सुरेल, लेप्चा, किसान, राजी आदि जातिहरू लोपोन्मुख जातिअन्तर्गत रहेका छन्। यसले विभिन्न स्थानमा जातको वितरण तथा विस्तारको परम्परालाई अँगालेको देखिन्छ। यी विभिन्न जातिहरूले आफ्नो बसिरहेको स्थानमा विभिन्न परम्परा, चालचलन र सांस्कृतिक पक्षहरूको विकास गर्दै गए। यस्तो विकास विभिन्न जातिहरूको आफ्नै परम्परा र चालचलनमा आधारित रह्यो। नेपालको सन्दर्भमा हेर्दा उत्तरबाट प्रवेश गर्ने मङ्गोलहरूले आफ्नै भाषा र संस्कृतिको विकास गरे भने दक्षिणबाट प्रवेश गर्ने इण्डो आर्यहरूले पनि आफ्नै भाषा, संस्कृति र परम्पराको विकास गरे। नेपालमा विभिन्न जातिहरूको आआफ्नै मौलिक पहिचान, परम्परा, संस्कृति र सभ्यता भए पनि समग्रमा नेपालको पहिचानका हिसाबले विविधतामा एकता भएको पाइन्छ।

नेपालको मेचीदेखि महाकालीसम्म विभिन्न

जातजातिका मानिसहरूको अस्तित्व रहेको छ। यहाँका सबै जातजातिहरूलाई मोटामोटी रूपमा दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। एकथरी मानिसहरू वर्णव्यवस्थामा आस्था राख्ने छन् भने अर्काथरी मानिसहरू वर्णव्यवस्थामा आस्था नराख्ने छन्। बाहुन, क्षेत्री, वैश्य दलित आदि वर्णव्यवस्थामा आस्था राख्छन् भने राई, लिम्बू, मगर, शेर्पा, तामाङ, गुरुङ आदि जातिले वर्णव्यवस्थामा आस्था राख्दैनन् (शर्मा, २०७५, पृ. ७७)।

नेपालमा मानिने चाडपर्वहरू विभिन्न जातजातिहरूको सामाजिक तथा सांस्कृतिक जीवनसँग सम्बन्धित हुन्छन्। चाडपर्व शब्दले सामाजिक जीवनका विविध आयामहरूको धार्मिक तथा सांस्कृतिक गरिमाको बोध गराउँछ (दाहाल, २०५५, पृ.१८५)। विभिन्न चाडपर्वहरूको आफ्नै गरिमामय इतिहास हुन्छ। मानिसको परम्परा र चलन जातजातिअनुसार भिन्नता तथा समानता हुन सक्दछ। स्थान विशेषले पनि चाडपर्वहरूले आफ्नै सामाजिक पहिचान बोकेको हुन्छ। नेपालको देउडा नाच सुदूरपश्चिममा मनाइन्छ भने घाटु नाच पश्चिम र पूर्वमा मनाइन्छ।

विगतदेखि नै नेपालमा खासखास स्थानहरूमा खास जातिहरूको बाहुल्यता रहेको अवस्था छ। सामन्यतः पूर्वी नेपालको ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, पाँचथर, तेह्रथुम, भोजपुर, खोटाङ, ओखलढुङ्गा, इलाम, धनकुटा उदयपुर आदि जिल्लाहरूमा किरात जाति ( राई, लिम्बू आदि) को प्रभाव बढी देखिन्छ। यो क्षेत्रमा तराईका जिल्ला पर्दैन। पश्चिमी नेपालका भेरी, कर्णाली, सेती र महाकालीका तराईका जिल्लाबाहेक पहाडी र हिमाली चौध जिल्लामा खसजातिको प्रभाव रहेको छ। म्याग्दी, रुकुम, बागलुङ, रोल्पा, सल्यान, प्युठान, गुल्मी अर्घाखाँची, पाल्पा आदि नौ जिल्लामा मगर जातिहरूको बाहुल्यता रहेको छ। यस भागमा हिमाली र तराई जिल्लाहरू रहेका छैनन्।

गोर्खा, मनाङ, मुस्ताङ, लमजुङ, कास्की, पर्वत, स्याङजा, तनहुँ आदि आठ जिल्लाहरूमा गुरुङ जातिको बाहुल्यता रहेको छ। गुरुङ जाति (तमुवान) को प्रभाव रहेको यो क्षेत्रमा तराईको भूभाग समेटिएको छैन। त्यस्तै पश्चिमी तराईका पाँच जिल्ला (बाँके, बर्दीया, कैलाली, कञ्चनपुर र दाङ) समेट्ने थारूहट क्षेत्रमा दाङदेखि कञ्चनपुरसम्मको क्षेत्र पर्छ। यहाँ थारू जातिको बाहुल्यता भएको हुँदा थारूवान् क्षेत्र (थारू क्षेत्र) पनि भनिन्छ। उपत्यकाका तीन जिल्लामा नेवार जातिको प्रभाव रहेको छ। तराईको पूर्वी भाग र मध्यको झापादेखि कपिलवस्तुसम्म पन्ध्र जिल्ला लामो सोतो परेको खण्ड छ; यस भागमा परापूर्वकालदेखि नै मधेसमा बसोबास गर्ने जातिहरूको प्रभाव रहेको छ । दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काभ्रे, रामेछाप, सिन्धुली, मकवानपुर आदि नौ जिल्लामा तामाङ जातिहरूको प्रभाव रहेको छ (पाँडे, २०५६, पृ. १६९)।

सांस्कृतिक भूगोलको अवधारणा सन् १९२५ मा कार्ल सावरले विकसित गरेका थिए (Shrestha & Rijal 2015)। नेपालमा सन् १९९० पछाडि सांस्कृतिक तथा जातीय सवालका विषयहरूले समाज र राजनीतिको मूलधारमा प्रवेश पाएका थिए। तर त्यति बेला जातीय अधिकारका सवाललाई महत्त्व दिएको पाइएन। सन् २००६ को परिवर्तनपछि तिनीहरूले हिन्दुहरूको निरपेक्ष राज्यलाई परिवर्तन गराए (Hagen, 2012, P. 2)। समाज विकासमा जातीय विभेदले प्रभाव पारिरहेको हुन्छ। नेपालमा लिच्छविकालको सुरुमा तथा जयस्थिति मल्ललगायतका मल्लकालमा जातीय छुवाछुतको प्रभाव परेको पाइन्छ (मिश्र, २०७५, पृ.३७)। जात भनेको जन्मका आधारमा निर्धारित हुने सामाजिक व्यवस्था हो भने जाति भनेको एउटा भौगोलिक क्षेत्रमा बसोबास गर्ने एउटै भाषा बोल्ने र समान संस्कृति पहिचान तथा सामाजिक जीवन भएका समुदायलाई जाति भनिन्छ (शिवाकोटी, २०७०, पृ. ३६८)। जातीयता जातसँग सम्बन्ध राख्ने विषय हो। जातीयता पहिचानको माध्यम हो। कुनै पनि जाति राज्यको भौगोलिक सीमाभन्दा फरक विषय हो। कुनै पनि जातीय सवाल राज्यसँग भन्दा राष्ट्रसँग नजिक रहेको हुन्छ। राष्ट्र सांस्कृतिक अवधारणा हो। यसको कुनै राजनीतिक भूगोल हुँदैन। यी सबै जातीय सवालहरू विभिन्न रूपमा प्रदेशको अवधारणा तथा सांस्कृतिक पक्षसँग जोडिएका हुन्छन्। वास्तवमा प्रदेशहरूमा देखा परेका विभिन्न सामाजिक र सांस्कृतिक समस्या पहिल्याउन र त्यसको निराकरण गर्न यसप्रकारको

अध्ययनको महत्त्व रहेको हुन्छ । यसले प्रदेश स्तरका योजना तर्जुमा गर्न र सामाजिक तथा सांस्कृतिक समस्याका बारेमा विश्लेषण गर्न योगदान गरेको हुन्छ।

## उद्देश्य र परिसीमा

यो लेख सात प्रदेशका आधारमा नेपालको सामाजिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययन गर्ने उद्देश्यले तयार पारिएको छ। यो लेखको मूल उद्देश्य सङ्घीय नेपालको स्थापनापछि परिवर्तित संरचनामा विकसित भूगोलका आधारमा सामाजिक तथा सांस्कृतिक अवस्थामा भिन्नता र समानताको लेखाजोखा गर्नु रहेको छ। विभिन्न भाषा, संस्कृति, धर्म, परम्परा, चालचलन, जातजाति आदिको प्रादेशिक बनोटको वास्तविक अवस्था पहिल्याउने यस लेखको उद्देश्य र परिसीमा रहेको छ। यस लेखमा सबै जाति, भाषा, धर्म र संस्कृतिको सबै पक्ष समेटिएको छैन। प्रदेशका प्रमुख जात, भाषा, धर्म तथा धार्मिक स्थलको तुलनात्मक अध्ययन यसको सीमा रहेको छ।

## अध्ययनविधि

प्रस्तुत लेख द्वितीयक स्रोतहरूमा आधारित छ। यो अध्ययन मूलतः गुणात्मक विधिमा आधारित छ। यो लेख नेपालका सात प्रदेशका आधारमा सामाजिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययन गर्न आनुभाविक तथा गुणात्मक विधिको प्रयोगका आधारमा तयार गरिएको छ। यो लेख प्रत्येक प्रदेशका सामाजिक र सांस्कृतिक पक्षहरूको विश्लेषणात्मक अध्ययन गर्न जाति, भाषा, धर्म, धार्मिकस्थल आदिलाई आधार बनाएर तयार गरिएको छ। यसका लागि विभिन्न लेख, रचना, पुस्तक तथा अन्तर्सञ्जालमा प्राप्त सूचनाहरूलाई पनि आधार मानिएको छ। लेख मूलतः वर्णनात्मक प्रकृतिको छ।

## नतिजा तथा छलफल

### विभिन्न प्रदेशहरूका सामाजिक र सांस्कृतिक अवस्थाको सङ्क्षिप्त परिचय

प्राकृतिक आधारमा नेपाललाई हिमाल, पहाड तथा तराई तीन भागमा विभाजन गरिएको छ। यसप्रकारको विभाजन क्षेत्रगत रूपमा समान विशेषता भएका प्रदेश हुनाले त्यति परिवर्तन हुँदैनन्। तर कार्यात्मक आधारका प्रादेशिक विभाजन समयअनुसार परिवर्तन भइरहन्छ । कार्यात्मक आधारमा विभाजन हुँदा जाति, भाषा, धर्म र वर्णको अवस्थालाई पनि मध्यनजर गरिएको हुन्छ। सन् १९६२ भन्दा अगाडि नेपाल पहाडी प्रदेशमा २० र तराई प्रदेशमा १२ गरी जम्मा ३२ जिल्लामा विभाजित थियो। सन् १९७२ मा ३२ जिल्ला जनसङ्ख्या बृद्धि र राजनीतिक परिवर्तनले १४ अञ्चल र ७५ जिल्लामा रूपान्तरण भयो। चौथो पञ्चवर्षीय योजनाको समयमा २०२९ सालमा क्षेत्रीय विकासमा सन्तुलन ल्याउने उद्देश्यले नेपाल पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल गरी चार विकास क्षेत्रको संरचनामा विकास भयो। वि.सं.२०३७ सुदूरपश्चिमाञ्चल विकास क्षेत्र थपिएर ५ विकासक्षेत्रमा विभाजित भयो (पाँडे, २०६५, पृ.१०७)। वि.सं.२०६२/०६३ को परिवर्तनपछि नेपाल सात प्रदेश र सतहत्तर जिल्लामा विभाजित छ। यसरी कार्यात्मक आधारमा विभाजन हुँदा जाति, भाषा, धर्म र वर्णको अवस्थामा पनि प्रत्यक्ष अथवा अप्रत्यक्ष प्रभाव परेको हुन्छ।

जनसङ्ख्याका आधारमा जातजाति, भाषा, धर्मको सङ्ख्यामा पनि परिवर्तन भइरहन्छ। वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १४२ जातजातिको बसोबास रहेको छ। जातिगत बनोट सामाजिक र सांस्कृतिक विकासको महत्त्वपूर्ण आधार हो। नेपाल भाषिक विविधता भएको देश हो। यहाँ मातृभाषाका रूपमा १२४ भाषा प्रयोग भएको पाइन्छ (नेपाल सरकार, २०७८)। यसप्रकारको परिवर्तनले कार्यात्मक क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ । यसलाई नीतिगत रूपमा समेट्दा सबै आयामहरूलाई मध्यनजर गर्नुपर्ने हुन्छ। प्रादेशिक विभाजन कार्यात्मक आधारमा हुँदा जनसङ्ख्याको संरचना, सामाजिक तथा सांस्कृतिक आधारको आवश्यकता रहन्छ । प्रदेशअनुसार जातजाति, भाषा, धर्म, रहनसहनमा पनि भिन्नता हुन्छ। नेपालमा सन् १९९० को दशकपछि भाषा र जातीय पहिचानका सवालहरू

मुखरित भएको पाइन्छ। तर यो सवाल सन् २००६ पछि त्यसको प्रभाव प्रादेशिक विभाजनमा पनि परेको देखिन्छ (Hagen,2012)। यस सवालले प्रदेशको विभाजनमा प्रभाव पारेको हुन्छ। यहाँ सात प्रदेशहरूको भाषा, जाति, धर्म र धार्मिक स्थलहरूको छोटो परिचय दिइएको छ।

## कोसी प्रदेश

यस प्रदेशमा विभिन्न जातजातिहरूको बसोबास रहेको छ। यहाँका मुख्य जातजातिहरूमा शेर्पा, लिम्बू, लेप्चा, धिमाल, राजवंशी हुन् भने भाषा नेपाली, मैथिली, तामाङ, गुरुङ, लेप्चा, मगर र थारू आदि पर्दछन्। यस प्रदेशमा विभिन्न जातजातिहरूमध्ये, क्षेत्री १५%, बाहुन ११.६%, राई १०.२%, लिम्बू ७.८%, तामाङ ४.६%, थारू ४.२%, मुस्लिम ४.१%, मगर ४.०%, नेवार ३.६% र विश्वकर्मा ३.४% रहेका छन्। भाषाका आधारमा नेपाली ४५.३%, मैथिली ११.७%, लिम्बू ६.७%, थारू ४.४%, तामाङ ३.५%, मगर २.९% र बाँकी २५% भन्दा धेरै छन्। चाडपर्वहरूमा दसैं, तिहार, छठ होली, ल्होसार, साकेला, उधौली, उभौली, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस मानिन्छन्। कोसी प्रदेशमा राजवंशी जातिले मनाउने सिरुवा पर्व (हिलो छ्याप्ने पर्व) पनि प्रसिद्ध छ। पाथीभरा देवी मन्दिर, बुढासुब्बा मन्दिर, दन्तकाली मन्दिर, बराहक्षेत्र विभिन्न स्थानमा अवस्थित बौद्धगुम्बाहरू र पूजास्थलहरू यहाँका धार्मिक स्थलहरू हुन्। यहाँ हिन्दु धर्म मान्ने ६६.६% र किरात धर्म मान्ने १७.१% प्रतिशत रहेका छन्।

## बागमती प्रदेश

विभिन्न जातजातिको बसोबास रहेको बागमती प्रदेशमा भोटे, शेर्पा, तामाङ, चेपाङ, जिरेल, मगर, बाहुन, क्षेत्री, थारू, नेवार आदि जातजातिहरूको अस्तित्व रहेको छ। यहाँ विभिन्न जातजातिमध्ये तामाङ २०.५%, बाहुन १८.३%, क्षेत्री १७.१%, नेवार १७.१%, थारू ४.९%, राई २.५%, दमाई २.२% रहेका छन् भने अन्य बाँकी जातजातिहरू भोटे, शेर्पा, चेपाङ, जिरेल, मगर आदि १७.४% रहेका छन्। यस प्रदेशमा खास गरेर नेपाली, नेवारी, मैथिली, तामाङ, गुरुङ, मगर र थारू भाषाहरू बोलिन्छन्। यस प्रदेशमा नेपाली भाषा बोल्ने ५६%, तामाङ १८%, नेवारी ११.८% र यसबाहेक अन्य मैथिली, गुरुङ, मगर र थारू आदि भाषाहरू १४% भन्दा धेरैले बोल्ने गरेको पाइन्छ। चाडपर्वहरू दसैँ, तिहार, छठ, होली, ल्होसार, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस मानिन्छन्। गाईजात्रा, घोडजात्रा, इन्द्रजात्रा, भोटोजात्रा आदि उपत्यकामा परम्परादेखि नै पर्वका रूपमा मनाउदै आएका छन्। यो प्रदेशमा शिवपुरी, लाङटाङ, चितवन राष्ट्रिय निकुञ्ज, गौरीशङ्कर संरक्षण क्षेत्र, गोसाइँकुण्ड, पलाञ्चोकभगवती, पशुपतीनाथ, दक्षिणकाली, स्वयम्भु, बौद्धनाथजस्ता महत्त्वपूर्ण धार्मिक स्थलहरू छन्। बागमती प्रदेशमा हिन्दु धर्म मान्ने ७१.८% र बुद्ध धर्म मान्ने २३.३% छन्।

## मधेश प्रदेश

मधेस प्रदेशमा बसोबास गर्ने विभिन्न जातजातिमध्ये यादव १४.९%, मुस्लिम १२.७%, तेली ५.२%, थारू ४.८%, कुश्वाह ४.४% र चमार ४.३% रहेका छन्। यस प्रदेशमा भोजपुरी १८.६%, मैथिली ४५.४%, बज्जीका १४.७%, नेपाली ६.६%, उर्दु ५.९% आदि भाषा धेरै मात्रामा प्रयोगमा छन्। भाषा आयोगले नेपाली भाषाबाहेक मैथिली, भोजपुरी तथा बज्जीका भाषालाई सरकारको कामकाजको भाषा भनेर सिफारिस गरेको छ। यस प्रदेशमा हिन्दु धर्म मान्ने ८३.८%, मुस्लिम धर्म मान्ने १२.९% तथा बुद्ध धर्म मान्ने ३.०१% मानिसहरू छन्। यस प्रदेशमा तिहार, छठ, होली, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस आदि पर्व मनाइन्छन्। आआफ्नो चालचलन तथा संस्कृतिअनुसारको वेशभूषा प्रचलनमा छन्। गढीमाई, जनकपुर, छिन्नमस्ता आदि यहाँका महत्त्वपूर्ण धार्मिक क्षेत्रहरू हुन्।

## गण्डकी प्रदेश

यस प्रदेशमा विभिन्न जातजातिहरूको बसोबास रहेको छ। यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा क्रमशः

बाहुन २१.०७%, खस क्षेत्री १३.१%, मगर १८.८% र गुरुङ ११.३% रहेका छन्। यो प्रदेशमा ७४%, मगर ९.६%, गुरुङ ८.४%, थारू १.७%, नेवारी १.५% र तामाङ १.४% भाषाहरू बोलिन्छन्। यसैगरी अन्य भाषा बोल्नेहरूको सङ्ख्या३.४% रहेको छ। यहाँका मुख्य चाडपर्वहरूमा दसैँ, तिहार, छठ, होली, ल्होसार, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस आदि हुन्। स्थानीय तहमा आआफ्नो चालचलन र संस्कृति–अनुसारका पर्वहरू पनि मनाउने गर्छन्। उत्तरको हिमाली क्षेत्रमा बस्नेले भोटो, बक्खु, दोचा, बाक्ला उनी कपडा लगाउछन्। यो प्रदेशको मध्यपहाडी खण्डमा दौरासुरुवाल, गुन्युचोलो लगाउछन् भने दक्षिणतिर कुर्था धोती, पाइजामा, घाघर आदि लगाउछन्। आजभोलि परम्परागत पोसाकको प्रयोगभन्दा आधुनिक पोसाकको प्रयोग सबै प्रदेशमा बढेको छ। यस प्रदेशमा हिन्दु धर्म मान्ने ८२.२%, बुद्ध धर्म मान्ने ११.५%, क्रिश्चियन धर्म मान्ने २.३६% र अन्य धर्म मान्नेको सङ्ख्या ३.९% रहेको छ। मुक्तिनाथ, गलेश्वर, बागलुङ कालिका, तालबाराही, ढोरबाराही आदि यहाँका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन्।

## लुम्बिनी

लुम्बिनी प्रदेशको नामकरण गौतम बुद्धको नामबाट भएको हो। यो प्रदेशमा अन्य प्रदेशबाट बसाइँ सरेर आएका हुनाले जातीय विविधता धेरै छ। यहाँ मगर, बाहुन, क्षेत्री, थारू तथा मुसलमान जातिको बसोबास धेरै छ। दक्षिणी भागमा मधेसी समुदायको घना बस्ती छ। २०७८ सालको जनगणनाअनुसार यस प्रदेशमा हिन्दु धर्म मान्ने ८१.२%, बुद्ध धर्म मान्ने ८.२%, मुस्लिम धर्म मान्ने ५.१%, किरात धर्म मान्ने ३.२% र क्रिश्चियन धर्म मान्ने १.८% मानिसहरू रहेका छन्। लुम्बिनी, बागेश्वरी, ठाकुरद्वारा, स्वर्गद्वारी, धारापानी, अम्बिकेश्वरी, रेसुङगा, सुपादेउराली मन्दिर, रिडी आदि यहाँका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन्। यो प्रदेशमा मगर १५.७%, थारू १४.२%, क्षेत्री १४.६% तथा बाहुन, ११.३% रहेका छन्। यो प्रदेशमा नेपाली भाषा ५०.९%, अवधी भाषा १६.७%, थारू भाषा १३.६%, भोजपुरी भाषा ११.०%, मगर भाषा ३.८%, उर्दु भाषा ०.९%, मैथिली भाषा ०.९%, नेवारी भाषा ०.५%, गुरुङ भाषा ०.४% बोलिन्छ र अन्य भाषा बोल्नेहरूको सङ्ख्या १.३% रहेका छ।

## कर्णाली प्रदेश

यो प्रदेशमा बसोबास गर्ने जातिहरूमा ठकुरी १०.३%, बाहुन ८.३%, क्षेत्री ४१.९%, कामी १५.८% तथा मगर १०.९% रहेका छन्। यस प्रदेशमा बाहुन, क्षेत्री, ठकुरी र दलित जातजातिहरूको बाहुल्यता रहेको छ। २०७८ को जनगणनाअनुसार नेपाली भाषा ८८.९%, खस भाषा ६.३%, मगर भाषा १.६%, थारू भाषा ०.५% डोल्पाली भाषा ०.२% र अन्य भाषा बोल्ने २.५% रहेका छन्। यस प्रदेशमा हिन्दु धर्म मान्ने ९५.३%, बुद्ध धर्म मान्ने ३.१% र क्रिश्चियन धर्म मान्ने १.३% रहेका छन्। यहाँका प्रमुख धार्मिकस्थल काक्रेविहार, सेगुम्बा, चन्दननाथ, देउतीबजै आदि हुन्।

## सुदूरपश्चिम प्रदेश

बाहुन, क्षेत्री, ठकुरी, दलित र थारू यहाँका प्रमुख जातजातिहरू हुन्। यस प्रदेशमा ठकुरी १०.३%, बाहुन ८.३%, क्षेत्री ४४.१%, थारू १७.५%, कामी ७.३% र बाँकी अन्य जातजातिहरू १९.२% रहेका छन्। सुदूरपश्चिम प्रदेश बहुभाषिक प्रदेश भएकाले यहाँ भाषामा विविधता छ। २०७८ को जनगणनाअनुसार सानाठुला गरी ७२ भाषाहरूको अस्तित्व रहेको छ। यहाँका मुख्य भाषाहरू नेपाली, डोटेली, थारू, आछामी, बझागी, बैतडेली, आदि हुन्। यहाँ नेपाली भाषा ४२.४%, डोटेली भाषा १८.०%, थारू भाषा १४.८%, बैतडेली भाषा ५.६%, अछामी भाषा ५.१%, बझाङी भाषा ३.७%, राना थारू भाषा २.९%, बाजुरेली भाषा २.१%, दार्चुलेली भाषा १.७% तथा अन्य भाषा ३.६% बोलचालका भाषा रहेका छन्। यहाँ स्थानीय, क्षेत्रीय, भाषा र सानासाना भाषा र उपभाषाहरू रहेका छन्। यस प्रदेशमा हिन्दु धर्म मान्ने ९७.%, क्रिश्चियन धर्म मान्ने १.०९%, बुद्ध धर्म मान्ने १.०७%, मुस्लिम धर्म मान्ने ०.२३% र किरात धर्म मान्ने ०.३८% मानिसहरू रहेका छन्। यहाँ बडीमालिका, उग्रतारा, शैलेश्वरी आदि प्रमुख धार्मिक स्थलहरू रहेका छन्। यो प्रदेश संस्कृतिका दृष्टिले सम्पन्न छ। गौरावर्प र

देउडा नाच यहाँका प्रमुख सांस्कृतिक क्रियाकलाप हुन्। सुदूरपश्चिम प्रदेश धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनका लागि प्रयाप्त सम्भावना भएको प्रदेश हो।

## *देशहरूको सामाजिक सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययन*

नेपाललाई सात प्रदेशमा विभाजन गरिसकेपछि यो संरचनामा केही परिवर्तन भएको हुन सक्दछ। तल दिइएको तालिका १ मा गरिएको सामाजिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययनले यसको वास्तविक तस्बिर प्रस्तुत गरेको छ। सामाजिक तथा सांस्कृतिक अवस्थाको तुलना गर्न हरेक प्रदेशको जातजाति, भाषा, धर्म, फरकफरक प्रदेशमा मनाइने चाडपर्व, प्रदेशअनुसारका धार्मिक स्थल, समाजको प्रकृति तथा सामाजिक समस्याको अवस्थालाई आधार मानिएको छ। यिनै सूचकहरूका आधारमा तुलनात्मक अध्ययन गरिएको छ।

**तालिका १ : नेपालमा प्रदेश अनुसारको सामाजिक तथा सांस्कृतिक अवस्था**

| प्रदेश | प्रमुख जातजाति | प्रमुख भाषा | प्रमुख धर्म | प्रमुख चाडपर्व |
|---|---|---|---|---|
| कोसी | क्षेत्री, बाहुन, राई, शेर्पा, लिम्बू, लेप्चा, धिमाल, राजवंशी | नेपाली, मैथिली, तामाङ गुरुङ लेप्चा मगर थारू | हिन्दु र बौद्ध | दसैँ, तिहार, छठ, होली, ल्होसार, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस |
| बागमती | तामाङ, बाहुन, क्षेत्री, नेवार, भोटे, शेर्पा, चेपाङ, जिरेल, मगर | नेपाली, नेवारी, मैथिली, तामाङ गुरुङ, मगर | हिन्दु र बौद्ध | दसैँ, तिहार, छठ होली, ल्होसार, बुद्धजयन्ती, इद, बकर इद, क्रिसमस |
| गण्डकी | बाहुन, क्षेत्री, मगर, गुरुङ, दुरा, थकाली | नेपाली, मैथिली, तामाङ, गुरुङ, लेप्चा, मगर, थारू | हिन्दु र बौद्ध | दसैँ, तिहार, छठ होली, ह्लोसार, बुद्धजयन्ती, इद, बकर इद |
| मधेश | यादव, थारू, मुस्लिम | भोजपुरी, नेपाली, मैथिली, उर्दु, बज्जीका | हिन्दु र बौद्ध | दसैँ, तिहार, छठ, होली, ल्होसार, बुद्धजयन्ती, इद, बकर इद |
| लुम्बिनी | मगर, बाहुन, क्षेत्री, थारू, मुसलमान | | हिन्दु र बौद्ध | दसैँ, तिहार। छठ, होली, ल्होसार, बुद्ध जयन्ती, इद, बकर इद |
| कर्णाली | बाहुन, क्षेत्री, ठकुरी र दलित | नेपाली | हिन्दु र बौद्ध | दसैँ, तिहार, ह्लोसार, बुद्ध जयन्ती, |
| सुदूर पश्चिम | बाहुन, क्षेत्री, ठकुरी, दलित, थारू | नेपाली | हिन्दु र बौद्ध | दसैँ, तिहार, ल्होसार, बुद्ध जयन्ती, |

| प्रदेश | प्रमुख धर्मिक स्थल | समाजको प्रकृति | सामाजिक अवस्था |
|---|---|---|---|
| कोसी | बराहक्षेत्र, पाथीभरा दन्तकाली हलेसी महादेव | मिश्रित | पहिचानको समस्या र विवाद |
| बागमती | शिवपुरी, पलाञ्चोक भगवती, पशुपतीनाथ, दक्षिणकाली, स्वयम्भु, बौद्धनाथ | मिश्रित | सामाजिक प्रदुषण |
| गण्डकी | मुक्तिनाथ, गलेश्वर, बागलुङ कालिका, तालबाराही, ढोरबाराही | मिश्रित | सामाजिक जतीय विविधता |
| मधेश | गढीमाई, जनकपुर छिन्नस्ता | मधेसी समुदायको बाहुल्यता | मधेसी समुदायको बाहुल्यता |
| लुम्बिनी | लुम्बिनी, बागेश्वरी, ठाकुरद्वारा, स्वर्गद्वारी, धारापानी, अम्बिकेश्वरी, रेसुङगा, सुपादेउराली मन्दिर रिडी | मधेसी समुदायको बाहुल्यता | दक्षिण भागमा मधेसी समुदायको घना वस्ती |
| कर्णाली | | खस आर्यहरूको बाहुल्यता | |
| सुदूर पश्चिम | बडीमालिका उग्रतारा, शैलेश्वरी | खस आर्यहरूको बाहुल्यता | छाउपडी प्रथा |

*स्रोतः नेपाल सरकार, २०७५, २०७८, शर्मा, २०७५ र दाहाल, २०५५।*

माथिको तालिकाअनुसार हेर्दा नेपालमा प्रदेशगत सामाजिक तथा सांस्कृतिक अवस्थालाई जाति, भाषा, धर्म, चाडपर्व, धार्मिक स्थल (मठ मन्दिर गुम्बा, चैत्य विहार मस्जिद र चर्च) समाजको प्रकृति र सामाजिक समस्याको

अवस्थाका आधारमा सातोटै प्रदेशमा जाति, भाषा, चाडपर्व धार्मिक स्थल र धर्मको अवस्थामा भिन्नता देखिन्छ।

जातजातिका आधारमा कोसी, कर्णाली र सुदूपश्चिम प्रदेशमा क्षेत्री, गण्डकी प्रदेशमा बाहुन, बागमती प्रदेशमा तामाङ, मधेश प्रदेशमा यादव, लुम्बिनी प्रदेशमा मगर जातिको बाहुल्यता रहेको छ। भाषाका आधारमा मधेश प्रदेशमा भोजपुरी भाषा, लुम्बिनी प्रदेशमा मगर भाषा, अन्य सबै प्रदेशमा नेपाली पहिलो भाषाका रूपमा प्रयोग भएको देखिन्छ। धर्मका आधारमा अध्ययन गर्दा सबै प्रदेशमा हिन्दु धर्म पहिलो तथा बुद्ध धर्म दोस्रो स्थानमा रहेको छ।

चाडपर्वका आधारमा सबै प्रदेशहरूमा दसैँ तिहार, होली ल्होसार पर्व बढी मनाइने गरिन्छ भने बागमती प्रदेशको विशेषगरेर काठमाडौँ उपत्यकामा प्रचलनमा रहेका गाईजात्रा, इन्द्रजात्रा, भोटोजात्रा, घोडेजात्रा आदि पर्वहरू मनाइन्छन्। लुम्बिनी प्रदेशमा होलीपर्व, छठपर्व, वकर इद आदि चाडपर्वहरू मनाइन्छन्। त्यसैगरी कर्णाली प्रदेशमा दसैँ, तिहार मनाइन्छ भने सुदूरपश्चिम प्रदेशमा दसैँ, तिहार, होली, गौरापर्व र देउडा नाच मान्ने गरिन्छ।

## *प्रादेशिक विकास र परम्पराबिचको सम्बन्ध*

नेपालमा प्रदेशहरूको समानुपातिक हिसाबले विकासका लागि आजको नेपाली समाजको पहिचानका मुद्दा यसै सवालसँग सम्बन्धित छ। धर्म, ईश्वर र रीति सबै मानव समाजद्वारा निर्माण गरिएका हुन्छन्। किनकि यी सबै विना समाज र सामाजिकता दिगो रहन सक्दैन (मिश्र, २०४९, पृ. १८८)। प्रदेशभित्र जाति र समाज एकअर्काका परिपूरकका रूपमा रहेका जस्ता देखिन्छन्। विभिन्न स्थानमा आफ्नै मौलिक परम्परा रहेका हुन्छन्। सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताको विकास मानवीय स्वभाव र समयको गतिसँगै परिवर्तन हुँदै गइरहेको हुन्छ। विगतमा अत्यन्तै सान्दर्भिक मानिएका सामाजिक मूल्यमान्यताहरू परिवर्तनसँगै मूल्यविहीन हुन पनि सक्छन्। विगतको सामाजिक मान्यता आजको अवस्थामा सामाजिक समस्या बन्न सक्छ। विश्वपरिवेश र सञ्चारको विकासले धेरैजसो परम्परागत मूल्यमान्यतामा परिवर्तन हुँदै गएको छ। यस्तो परिवर्तनलाई स्वाभाविक मान्न सकिन्छ। कहिलेकाहीँ नयाँ सोचका साथ विकासका नयाँ मोडलहरूको प्रयोग सबैका लागि मान्य नहुन पनि सक्छ। हाम्रो नेपाली समाजमा पुरानो मान्यता र नयाँ मान्यताहरूबिच बेलाबेलामा विवाद भइरहन्छ। त्यही विवादका कारण नयाँ मान्यता स्थापित हुन बढी समय लाग्छ। यसले विकासको गतिमा अवरोध सृजना गर्दछ। सामाजिक विविधता र पहिचानसम्बन्धी सवालहरू पेचिला हुनाले परम्परा र सामाजिक विकासबिच विवाद भएको पाइन्छ। यसप्रकारको विवाद क्रमशः परिवर्तन हुँदै गएको अवस्था छ। नेपालको सन्दर्भमा सन् १९९७ देखि सन् २०१२ Generation-Z जेन–जी (अहिले को युवा पुस्ता ) का सोचहरू धेरै गतिशील देखिन्छन्। यसले पनि नेपाली समाजमा फरक प्रकारको मार्गचित्र निर्माण हुने देखिन्छ। यसपछिको पुस्ता जेन–अल्फा, जेन–विटा, जेन–गामा आदि जस्ता भोलिका युवाहरूका सोच अत्यन्तै गतिशील हुने देखिन्छन्। यसले आजको नेपाली समाजले भोलिका सोचहरूको अनुमान गर्न कठिन हुन्छ; जसले आजको कार्यात्मक प्रादेशिक विभाजन मार्गचित्र अवश्य आजको भन्दा भिन्न प्रकृतिको हुने कुरामा कुनै सन्देह छैन।

## *निष्कर्ष*

ऐतिहासिक आधारमा हेर्दा नेपाल आर्य र मङ्गोल सभ्यताको बेजोड सम्मिश्रणबाट विकसित भएको पाइन्छ। प्रदेशका दृष्टिकोणले हेर्दा यसको प्रदेश विभाजनको प्राकृतिक आधारभन्दा बसाइँसराइको प्रभावका कारणले सामाजिक र सांस्कृतिक आधार बढी कमजोर देखिन्छ। नेपालको सामाजिक तथा सांस्कृतिक विकासका आधार प्रदेश, जातजाति, धर्म, संस्कृति भए पनि यो धेरै गतिशील अवस्थामा रहेको देखिन्छ। नेपाल सङ्घीयतामा विभाजन भएपछि स्थापित भएका प्रादेशिक संरचनाको सामाजिक र सांस्कृतिक अवस्था एउटै प्रकृतिको नभएर विविधतापूर्ण छ। प्रदेशअनुसारको जाति, भाषा, धर्म, धार्मिक स्थलहरूको प्रकृति पनि फरकफरक छ। स्थान तथा परम्पराअनुसार

विभिन्न चाडपर्व र मेलाहरू पनि भिन्नभिन्न छन्। प्रदेशअनुसार सामाजिक तथा सांस्कृतिक अवस्थामा समानता तथा भिन्नता दुवै छ । विभिन्न जातजातिका आफ्नै मौलिक संस्कृतिहरू छन्। विभिन्न भाषा, संस्कृति, धर्म, परम्परा, चालचलन, जातजाति आदिको बेजोड सम्मिश्रण छ। बहुसांस्कृतिकता, बहुभाषिकता, आपसी सद्भाव, सामूहिकता र समुदायसँग मिलेर काम गर्ने परम्परा सबै प्रदेशमा छ । पारिवारिक संरचनामा समानता, संयुक्त परिवारको चलन अझै सबै प्रदेशमा समान रूपमा भेटिन्छ। तर जातीय संरचना, भूगोल, भाषा, संस्कार तथा पर्वका आधारमा हेर्दा सांस्कृतिक आधारमा स्पष्ट भिन्नता देखिन्छ। निष्कर्षमा भन्नुपर्दा समग्र नेपालले जसरी विविधतामा एकताको विशेषता बोकेको छ, त्यसरी नै सबै प्रदेशहरूमा पनि विविधतामा एकताको विशेषता रहेको यहाँको सामाजिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययनले देखाउँछ। नेपालका सबै प्रदेशहरू सामाजिक रूपमा एकअर्कासँग जोडिएका छन् । प्रदेशअनुसारको विविधता, सद्भाव र सामूहिकता यहाँका मुख्य विशेषताहरू भए तापनि प्राकृतिक आधारमा यसलाई अलग गर्न त्यति सहज देखिँदैन। विभिन्न संस्कृतिहरूबिच अन्तरसांस्कृतिक संवादको आवश्यकता रहेको अवस्था छ। दिगो विकासका लागि सांस्कृतिक र सामाजिक पक्षको मूल प्रवाहीकरण आजको आवश्यकता हो।

## *सन्दर्भ सामग्रीसूची*


कौशिक, एस. डी.(२०००). *भौगोलिक विचारधाराएँ एवं विधि (तन्त्र).* मेरठ : रस्तोगी पब्लिकेशन।

दाहाल, पेशल (२०५५). *नेपालको इतिहास र संस्कृति.* भोटाहिटी काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्टीब्युटर्स।

नेपाल सरकार, (२०७५). *नेपाल परिचय.* काठमाडौँ : सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग।

नेपाल सरकार (२०७८). *राष्ट्रिय जनगणना २०७८.* काठमाडौँ : राष्ट्रिय तथ्याङ्क कार्यालय।

नेपाल सरकार (२०८१).*राष्ट्रिय जनगणना २०७८, सामुदायिक प्रतिवेदन.* काठमाडौँ :राष्ट्रिय तथ्याङ्क कार्यालय।

पाँडे, राम कुमार (२०६६). *नेपालको मानव भूगोल.* काठमाडौँ : रत्नपुस्तक भण्डार।

पौड्याल, नारायण प्रसाद (२०६४). *नेपालको भूगोल.* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

मिश्र, चैतन्य (२०४९). *बदलिदो नेपाली समाज.* काठमाडौँ : फाइन प्रिन्ट।

मिश्र, चैतन्य (२०७५). 'दलित समस्या, राजनीति र अर्थतन्त्र' *नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष.* काठमाडौँ : फिनिक्स बुक्स।

शर्मा, जनकलाल (२०७५). *हाम्रो समाज एक अध्ययन.* (पाँचौ संस्क.). काठमाडौँ : मञ्जरी पब्लिकेसन।

शिवाकोटी,गोपाल (२०७०). *पहिचान र दर्शनको सङ्कटमा नेपालको राजनीतिक व्यवस्था.* काठमाडौँ : पैरवी प्रकाशन।

श्रेष्ठ, हिरण्यलाल (२०६५). *नेपाल परिचय परिमार्जित संस्करण.* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्टीब्युटर्स।

Hagen, T.(2012). *The ethics politics in Nepal democracy in the margins.* London and New York : Rutledge Tayler and Francis Group.

Shrestha, Chandra Bahadur & Rijal, Shiba Prasad (2016). *NEPAL: CULTURAL GEOGRAPHY.* Lalitpur : Rhino Publication .